# नेपाल पुलिस स्कुल

साँगा, काभ्रेपलाञ्चोक

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/१४ गते)

**विषय: स्टेशनरी तथा सरसफाई सम्बन्धी सामग्री आपूर्तिका लागि सिलबन्दी दरभाउपत्र/टेण्डर आह्वान।**

यस नेपाल पुलिस स्कुल साँगा काभ्रेको को आर्थिक वर्ष २०८३/०८४ का लागि आवश्यक पर्ने स्टेशनरी तथा सरसफाई सम्बन्धी सामग्री खरिद गर्नुपर्ने भएकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम इच्छुक, इजाजतप्राप्त, दर्तावाला तथा योग्य आपूर्तिकर्ता/फर्म/कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र यस विद्यालयबाट प्रस्ताव फारम लिई तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**योग्यता:**

- **फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि**
- **PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि**
- **कर चुक्ताको प्रमाणपत्र**
- **फर्म/कम्पनी नवीकरण भएको प्रमाणपत्र**

१. खरिद गरिने सामग्रीहरूको बर्गिकरण निम्नानुसार हुने छ।

- ✓ स्टेशनरी **(Stationery)** सम्बन्धी।
- ✓ सरसफाई **(Cleaning)** सम्बन्धी।

- इच्छुक फर्म/कम्पनीहरुले शीर्षक गत खरिद कार्यको लागि रू.२,०००।- **(फिर्ता नहुने गरी)** बुझाई मिति २०८३।०४।२० गते कार्यालय समय भित्र प्रस्ताव फारम खरिद गर्न सकिने छ।
- दरभाउपत्र पेश गर्ने फर्म/कम्पनी कानुनबमोजिम दर्ता भएको तथा व्यवसाय सञ्चालनको वैध इजाजतपत्र प्राप्त गरेको हुनुपर्नेछ।
- फर्म/कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८२/२०८३ सम्मको कर चुक्ता प्रमाणपत्र तथा फर्म नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको स्व-घोषणा पत्र अनिवार्य सिलबन्दी प्रस्तावसाथ पेश गर्नु पर्ने छ।
- उल्लेखित खरिद कार्यको लागि सिलबन्दी प्रस्तावको खाम बाहिर प्रस्ताव पेश गरिएको बर्गिकरण स्पष्ट लेखि छुट्टा छुट्टै प्रस्ताव पत्र पेश गर्नु पर्नेछ तर एउटै फर्मले सम्पूर्ण खरिद कार्यमा सहभागि हुने भएमा आवश्यक कागजात कुनै एक प्रस्तावमा मात्र पेश गरेमा पनि मान्य हुने छ।
- प्रस्ताव पत्र सम्बन्धी कागजातमा उल्लेखित सामग्रीको दर-रेट भर्दा प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दर-रेट अङ्क र अक्षरमा प्रष्ट खुलाई भरी पेश गर्नु पर्ने छ र अङ्क र अक्षरमा लेखिएको दर-रेट फरक परेमा अक्षरमा लेखिएको दर-रेटलाई मान्यता दिइने छ। केरमेट गरी सच्याएको हकमा प्रस्तावदाताको सहि छाप अनिवार्य भएको हुनु पर्ने छ।
- खरिद गरिएका प्रस्ताव फारमहरू मिति २०८३।०४।२१ गते १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्ने छ। रित नपुगी वा म्याद समाप्त भए पश्चात प्राप्त सिलबन्दी प्रस्तावलाई दर्ता गरिने छैन।

- रित पूर्वक दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरू मिति २०८३।०४।२१ गते दिनको १३:०० बजे यस विद्यालयमा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन।
- प्रस्ताव दर्ता र खोलिने दिन कारणबश कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित स्थान र समयभित्र प्रस्ताव दर्ता र खोलिने छ।
- अपूर्ण, झुट्टा विवरण समावेश भएको, तोकिएको म्यादपछि प्राप्त वा शर्तविपरीत पेश भएका दरभाउपत्रहरू स्वतः अस्वीकृत हुनेछन्।
- आवश्यकता अनुसार कार्यालयले सूचीमा रहेका जुनसुकै सामग्री आंशिक वा पूर्ण रूपमा खरिद गर्न सक्नेछ। सूचना प्रकाशित गरिएका सबै सामग्री खरिद गर्नुपर्ने बाध्यता कार्यालयमा रहने छैन।
- कार्यालयले आवश्यकता अनुसार जुनसुकै समयमा सामग्री आपूर्ति गर्न आदेश दिन सक्नेछ र आदेश प्राप्त भएको अधिकतम **७ (सात) दिनभित्र** गुणस्तरीय सामग्री आपूर्ति गरिसक्नुपर्नेछ। ढिलाइ भएमा कार्यालयले खरिद सम्झौता रद्द गर्न वा प्रचलित कानुनबमोजिम कारबाही गर्न सक्नेछ।
- गुणस्तरहीन वा नमिल्ने सामग्री कार्यालयले अस्वीकार गर्न सक्नेछ।
- कार्यालयलाई कुनै वा सबै दरभाउपत्र बिना कारण स्वीकार वा अस्वीकार गर्ने तथा आवश्यकता अनुसार परिमाण थपघट गर्ने पूर्ण अधिकार रहनेछ।
- प्रस्ताव पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालय प्रशासनमा निहित रहने छ।
- प्रस्तावपत्र स्वीकृत भए पश्चात कबोल अंकको ५ प्रतिशतले हुने रकमको कार्य सम्पादन जमानत २०८३ श्रावण मसान्तसम्म मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत वा यस विद्यालयको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड बनेपा शाखामा रहेको ००५०१०३०२५२५५३ खातामा नगदै जम्मा गरेको सक्कलै दोश्रो प्रति लिई खरिद सम्झौता गरिने छ।
- विद्यालयको लागि आवश्यक सामग्रीहरू आवश्यकतानुसार एकै पटक वा पटक-पटक गरि मासिक रूपमा खरिद गर्न सकिने छ।
- विद्यालयसम्म ढुवानी खर्च आपूर्तिकर्ता स्वयंले व्यहोर्नु पर्ने छ।
- खरिद सम्झौतामा उल्लेख भए बमोजिम परिमाणमा थप गर्नु पर्ने भएमा सोही दर-रेटलाई आधार मानि खरिद गरिने छ र थप सामग्रीहरू समेत खरिद गर्नु पर्ने भएमा प्रचलित बजार दरभाउ अनुसार सम्बन्धित आपूर्तिकर्तासँग खरिद गर्न पनि सकिने छ।
- अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा संसोधन प्रचलित कानुनबमोजिम हुनेछ।
- खरिद सम्बन्धी अन्य कुरा बुझ्नु पर्ने भएमा यस विद्यालयमा कार्यालय समयमा ९८५१२९४९४४ मा सम्पर्क गर्न सकिने छ।

समादेशक
दिप्ती कार्की
प्रहरी नायव उपरीक्षक